# नेपाल संस्कृत विश्वविद्यालय

**Nepal Sanskrit University**

## अनुसन्धान केन्द्र

बेलझुण्डी, दाङ

फोन नं. : ०८२-४०००९१

इमेल : researchcenter@nsu.edu.np


पत्रसङ्ख्या :

चलानी नम्बर : मिति : २०८२ वैशाख ०३ गते

### नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा उपाधिमूलक विद्यावारिधि र निरुपाधिक विशेष अनुसन्धान, लघु अनुसन्धान, ग्रन्थ सम्पादन र अनुवाद कार्यक्रमका लागि आवेदन आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/०४)**

**यस विश्वविद्यालयको शैक्षिक वर्ष २०८१/०८२ को स्वीकृत अनुसन्धान कार्यक्रमअन्तर्गत विद्यावारिधि तथा निरुपाधिक शोधकार्य गर्न इच्छुक योग्यता पुगेका शोधार्थीहरूबाट यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०८२ साल ज्येष्ठ ७ गते) भित्र नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र बेलझुण्डी, दाङमा आइपुग्ने गरी तोकिएको शुल्कसहित आवेदन आह्वान गरिन्छ । तोकिएको शुल्क अनुसन्धान केन्द्रको नाममा राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको चल्ती खाता नं. ४१६०१००००५४८४००१ मा जम्मा गर्नुहोला । आवेदन प्रपत्र (फाराम) भरी बैङ्कमा रकम जम्मा गर्नुअघि आफ्ना सबै कागजात र मापदण्ड पूरा भए नभएको सुनिश्चित गर्नुहोला । बैङ्कमा जम्मा गरिसकेपछि शुल्क रकम फिर्ता हुने छैन । आवेदकहरूले ने.सं.वि. को वेबसाइटमा रहेको आवेदनपत्र (फाराम) डाउनलोड गरी उक्त प्रपत्र भर्नुका साथै अन्य आवश्यक कागजातहरू आवेदनसाथ बुझाउनु पर्नेछ । प्रपत्रमा अपूर्ण विवरण उल्लेख गरेका र आवश्यक सबै कागजात एवम् मापदण्ड पूरा नगरेका आवेदनहरू स्वतः अस्वीकृत हुनेछन् । यस विषयमा विस्तृत जानकारीका लागि विश्वविद्यालयको वेबसाइट www.nsu.edu.np हेर्नुहुन र कार्यालयको फोन नं. ०८२-४०००९१ र मोबाइल ९८५७८२४४०२, ९८४७८५५७११ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**आवेदन बुझाउने अन्तिम मिति : २०८२/०२/०७ गते अपराह्न ४.०० बजेसम्म**

**आवेदन बुझाउने स्थान : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, बेलझुण्डी, दाङ**

**आवेदन शुल्कः**

विद्यावारिधितर्फ रु. ३०००/-

निरुपाधिकतर्फ रु. १०००/-

## स्वीकृत अनुसन्धान कार्यक्रमहरू

### १. विद्यावारिधि (Ph.D.) कार्यक्रम

नेपाल संस्कृत विश्वविद्यालयमा विभाग र विषयसमिति रहेका साथै आवश्यक भौतिक पूर्वाधार र संस्थागत प्राज्ञिक स्रोत/जनशक्ति उपलब्ध रहेका देहायका ३० वटा विषय/विधामा मात्रै विद्यावारिधि कार्यक्रम सञ्चालन गरिनेछः

१.१ नेसंविमा हाल आचार्य (स्नातकोत्तर) तहमा पठनपाठन भैरहेका १७ वटा शास्त्रीय विषय र उक्त विषयका उपविधाका रूपमा रहेका योग, आयुर्वेद, वास्तुशास्त्र, जैनदर्शन र प्राच्य धर्मदर्शनसमेत जम्मा २२ वटा शास्त्रीय विषय ।

१.२ नेपाली भाषासाहित्य, अङ्ग्रेजी भाषासाहित्य, राजनीतिशास्त्र, अर्थशास्त्र, गणित र शिक्षाशास्त्र (नेपाली शिक्षा, गणित शिक्षा र अङ्ग्रेजी शिक्षा) समेत आठवटा आधुनिक विषय ।

### २. निरुपाधिक कार्यक्रम

२.१ विशेष अनुसन्धान

नेपाल सरकारबाट दलित र जनजाति भनी तोकिएका र नेपाल राज्यमा बसोबास गर्ने जातिको धार्मिक, सांस्कृतिक परम्परा एवम् सामाजिक र आर्थिक पक्षसँग सम्बन्धित खोजपूर्ण शोधपत्र ।

२.२ लघु अनुसन्धान

नेपालका विभिन्न भाषा, संस्कृति, सनातन धार्मिक परम्परा, सामाजिक अन्तर्ज्ञान एवम् महत्त्वपूर्ण ग्रन्थमा आधारित जीवनोपयोगी खोजपूर्ण शोधपत्र ।

२.३. ग्रन्थसम्पादन

राष्ट्रिय अभिलेखालय, पुस्तकालय र व्यक्तिगत सङ्कलनमा रहेका प्राच्यविधासँग सम्बन्धित प्राचीन दुर्लभ एवम् राष्ट्रिय महत्त्वका ग्रन्थको सम्पादन ।

२.४ अनुवाद

संस्कृत भाषाका महत्त्वपूर्ण र दुर्लभ ग्रन्थमा निबद्ध ज्ञानराशिलाई विद्वत्तापूर्ण र गवेषणामूलक विस्तृत भूमिकासहित नेपाली भाषामा अनुवाद गरी जनसमक्ष पुर्‍याउने ।

## प्रक्रिया तथा मापदण्ड

१. विद्यावारिधि कार्यक्रम विश्वविद्यालय अनुदान आयोगको मिति २०८०/०२/०९ गतेको बैठकबाट स्वीकृत निर्णय नं. १५५७ को 'विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्डसम्बन्धी निर्देशिका-२०८०' साथै नेपाल संस्कृत विश्वविद्यालय शैक्षिक तथा सङ्गठनसम्बन्धी नियम-२०६७ (२०७० भाद्रसम्मको संशोधन समावेश) को परिच्छेद-७ अनुसारको मापदण्ड र प्रक्रिया अनुसरण गरी सञ्चालन गरिनेछ ।

२. विद्यावारिधि कार्यक्रम न्यूनतम ३ वर्ष, ६ सत्र (सेमेस्टर) र ६० क्रेडिट आवरको हुनेछ । अघिल्ला ३ सत्र पाठ्यक्रममा आधारित हुनेछन् भने पछिल्ला ३ सत्र शोधप्रबन्ध लेखनसँग सम्बन्धित हुनेछन् । ६ सत्रमध्ये पहिलो र दोस्रो सत्र १२-१२ क्रेडिट आवरका, तेस्रो सत्र ६ क्रेडिट आवरको र चौथोदेखि छैँटौँसम्मका तीनवटा सत्र कूल ३० क्रेडिट आवरका गरी जम्मा ६० क्रेडिट आवर हुनेछ । सत्र (सेमेस्टर) प्रणालीमा एक क्रेडिट आवर भन्नाले १६ कन्ट्याक्ट आवरलाई बुझिन्छ । हरेक कन्ट्याक्ट आवर प्रत्यक्ष अध्ययन अध्यापनका दृष्टिले ३ घण्टामा सम्पन्न गरिने शैक्षिक गतिविधि बराबर मानिन्छ ।

३. उपर्युल्लिखित १७ वटा शास्त्रीय विषयका लागि शोध अवधारणापत्र संस्कृत भाषामै बुझाउनु पर्नेछ साथै प्रवेश परीक्षा र शोधप्रबन्धको माध्यमभाषा पनि संस्कृत नै हुनेछ ।

## वाञ्छनीय शैक्षिक योग्यता

१. विद्यावारिधिका आवेदकहरूले कम्तीमा द्वितीय श्रेणी ल्याई आचार्य वा सोसरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

२. आफूले आचार्य वा सोसरहको परीक्षा उत्तीर्ण गरेको विषय/पत्रमा मात्र विद्यावारिधि तहमा आवेदन दिन पाइनेछ ।

३. अन्तर्विषयक अध्ययनका लागि आवेदन दिएको खण्डमा उक्त विषय/पत्र नेसंविमा स्नातकोत्तर तहमा अध्ययन अध्यापन हुने विषय वा क्षेत्रसँग सम्बद्ध हुनु पर्नेछ ।

४. सम्बन्धित विषयमा आवश्यक **CGPA** सहित एमफिल उत्तीर्ण शोधार्थीहरू पनि विद्यावारिधि कार्यक्रममा प्रवेशका लागि प्रवेश परीक्षामा सामेल हुनुपर्नेछ । प्रवेश परीक्षामा उत्तीर्ण भएको खण्डमा मात्र निजहरूको भर्ना लिइने छ । उक्त आवेदकहरू प्रथम सत्र (सेमेस्टर) को कक्षामा समावेश हुनुपर्ने छैन । तर दोस्रो सत्रदेखिका सबै प्रक्रियामा अनिवार्य रूपमा सामेल हुनुपर्नेछ ।

५. विद्यावारिधि अनुसन्धानका लागि समय व्यवस्थापन गर्नसक्ने र अनुसन्धान केन्द्रको निकट सम्पर्कमा रहेर काम गर्न तत्पर साथै आफूले अनुसन्धान गर्न चाहेको माध्यम भाषामा निपुण हुनु पर्नेछ ।

६. विद्यावारिधि अनुसन्धाताले आफूले आवेदन दिएको विषय पछि परिवर्तन गर्न पाइने छैन ।

७. निरुपाधिक अनुसन्धानका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा शास्त्री (स्नातक) उत्तीर्ण गरेका व्यक्तिले आवेदन दिन सक्नेछन् ।

८. उल्लिखित योग्यता नपुगेका आवेदकले आवेदन दस्तुर बुझाएको खण्डमा उक्त दस्तुर फिर्ता हुने छैन ।

## आवेदनपत्रसाथ पेस गर्नुपर्ने कागजातहरू

१. आफूले अध्ययन अनुसन्धान गर्न चाहेको विषय/क्षेत्रसँग सम्बन्धित सुस्पष्ट दृष्टिकोणसहितको बढीमा तीन हजार शब्दको अवधारणापत्र (दुई प्रति) । उक्त अवधारणापत्र संस्कृतका शास्त्रीय विषयका आवेदकले संस्कृत भाषामा, अङ्ग्रेजी माध्यमबाट शोध गर्न चाहनेले अङ्ग्रेजी भाषामा र नेपाली माध्यमबाट शोध गर्न चाहनेले नेपाली भाषामा लेख्नु पर्नेछ । अवधारणापत्रको आवरण पृष्ठमा आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र प्रस्तावित शीर्षक उल्लेख गरिएको हुनु पर्नेछ । आवरण पृष्ठबाहेकका अन्य कुनै पनि पृष्ठमा परिचय झल्किने कुनै पनि चिह्न वा सङ्केत उल्लेख गर्न पाइने छैन । अवधारणापत्र निम्नलिखित ढाँचामा लेखिएको हुनुपर्नेछः

(क) आफूले शोध गर्न चाहेको विषयसँग सम्बन्धित प्रस्तावित शीर्षक ।

(ख) उक्त शीर्षक पौरस्त्य वाङ्मयसँग सम्बद्ध रहेको स्पष्टोक्ति र शीर्षकको प्राज्ञिक गुरुत्व/मूल्य ।

(ग) प्रस्तावित शोध/प्राज्ञिक कार्यको मूल जिज्ञासा/प्राज्ञिक समस्या ।

(घ) उक्त जिज्ञासासँग सम्बन्धित प्रतिनिधिमूलक पूर्वकार्य ।

(ङ) उक्त पूर्वकार्यबाट निःसृत प्रारम्भिक शोधान्तराल ।

(च) प्रस्तावित अध्ययनको औचित्य र महत्त्व ।

(छ) प्रस्तावित अध्ययनका क्रममा सम्पादन गरिने मुख्य क्रियाकलाप र अध्ययनको प्राक्कल्पित ढाँचा ।

(ज) मुलुकको प्राज्ञिक आवश्यकता र प्राथमिकतासँग प्रस्तावित शोधको सम्बन्ध/सामञ्जस्य साथै मुलुकको प्राज्ञिक आवश्यकता परिपूर्तिमा प्रस्तावित शोधकार्यबाट पुग्ने योगदान ।

२. पूर्वमध्यमा वा सो सरहदेखि आचार्य वा सो सरहसम्मका शैक्षिक योग्यताका प्रमाणपत्र (लब्धाङ्कपत्र, मूलप्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, ट्रान्सक्रिप्ट र माइग्रेसन समेत) का प्रतिलिपि ।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नेपाली नागरिकका लागि नेपाली नागरिकता र अन्य देशको भए सम्बद्ध देशको नागरिकता वा सरकारी परिचयपत्रको प्रतिलिपि) ।

४. आफ्नो प्राज्ञिक व्यक्तित्व झल्किने व्यक्तिगत विवरण ।

५. विज्ञसमीक्षित जर्नलमा छापिएका (peer-Reviewed article with Single author) आफ्नो शोधक्षेत्र, विषय वा शीर्षकसँग सम्बन्धित तीनवटा शोधलेख । शोधलेख भन्नाले शोधमा आधारित र विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित प्राज्ञिक जर्नल वा सूचीकृत जर्नल (इन्डेक्स जर्नल) मा प्रकाशित एकल लेखक रहेका शोधलेख बुझ्नुपर्छ । तीनवटामध्ये दुईवटा लेख अनिवार्य रूपमा प्रकाशित हुनु पर्नेछ । एउटा लेख अप्रकाशित भए पनि स्वीकार गरिनेछ । लेख

पेस गर्दा उक्त लेख छापिएको पत्रिकाको आवरणपृष्ठ, सम्पादक मण्डलको नाम भएको पृष्ठ र विषयसूचीसहित लेख छापिएका सबै पृष्ठको प्रतिलिपि संलग्न हुनु पर्नेछ । अवधारणापत्र र तीनवटा लेख दुईवटा अलग फाइलमा एक एक प्रति संलग्न गरी बुझाउनु पर्नेछ ।

६. निरुपाधिक अनुसन्धाताका लागि तीनवटा शोधलेख अनिवार्य छैन ।

७. आवेदनपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, व्यक्तिगत विवरण र एक प्रति फोटो अलग्गै फाइलमा संलग्न गरी पेस गर्नु पर्नेछ ।

८. नेपालबाहिरका विश्वविद्यालयबाट उत्तीर्ण गरेको भए समकक्षता प्रमाणपत्र (इक्युभ्यालेन्ट सर्टिफिकेट) समेत पेस गर्नु पर्नेछ ।

९. आवेदनपत्र र शोध अवधारणापत्रको ढाँचा यसै सूचनाको अन्त्यमा दिइएको छ ।

## निरुपाधिक कार्यक्रमका लागि निर्धारित प्रक्रिया

१. अवधारणापत्र, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि र व्यक्तिगत विवरणसहित रीतपूर्वकको आवेदन प्राप्त भएपछि अनुसन्धान केन्द्रले प्रारम्भिक निरीक्षणपश्चात् अवधारणापत्रमा कोड नं. राखेर विशेषज्ञ विद्वान्बाट मूल्याङ्कन गराउने छ ।

२. विशेषज्ञ विद्वान्बाट अवधारणापत्र स्वीकृत भएको खण्डमा अनुसन्धान परिषद्ले उक्त प्रस्तावित निरुपाधिक अनुसन्धानको औचित्य र आवश्यकताका विषयमा छलफल गरी यथोचित निर्णय गर्नेछ । अनुसन्धान परिषद्ले उक्त अनुसन्धान अघि बढाउने निर्णय गरेको खण्डमा सम्बन्धित अध्येतासँग अनुसन्धान केन्द्रले करार सम्झौता गरी अध्ययनको अनुमति दिन सक्नेछ ।

३. यससम्बन्धी अन्य व्यवस्था करारपत्रमा उल्लेख गरिएअनुसार हुनेछ ।

## विद्यावारिधि कार्यक्रमका लागि प्राथमिकता क्षेत्र

१. विद्यावारिधि कार्यक्रमतर्फ आधुनिक विषयमा आवेदन दिएका शोधार्थीको शोधशीर्षक अनिवार्य रूपमा संस्कृत वाङ्मयसँग सम्बद्ध हुनु पर्नेछ । प्राच्य वाङ्मयअन्तर्गतका दर्शन, सिद्धान्त र सांस्कृतिक एवम् भाषिक अवधारणा आदिभित्र लुकेर रहेका महत्त्वपूर्ण पक्षहरूलाई अनुसन्धानका माध्यमबाट प्रकाशित गर्ने अभिप्राय राखेको कुरा प्रस्तावित शोधशीर्षकबाटै स्पष्टतः झल्किनु पर्नेछ ।

२. विद्यावारिधिका लागि प्रस्तावित शोधशीर्षक राष्ट्रिय आवश्यकता र प्राथमिकतासँग सम्बद्ध, प्राज्ञिक जिज्ञासासम्पन्न, सूक्ष्म, अनुसन्धेय प्रकृतिको, नवीन र मौलिक हुनु पर्नेछ । यसमा विषयगत एवम् समसामयिक आवश्यकता, औचित्य र युगानुकूलता समेत स्पष्ट प्रतिबिम्बित हुनु पर्नेछ ।

३. नेपाली र अङ्ग्रेजी भाषासाहित्यको अध्ययनतर्फ रस, अलङ्कार र नीतिचेतनासँग सम्बन्धित शीर्षकका साथै अर्थशास्त्रतर्फ कौटिल्य अर्थशास्त्र र शिक्षाशास्त्रतर्फ गुरुकुल शिक्षासँग सम्बन्धित

शीर्षकमा नेसंविबाट यसपूर्व नै पर्याप्त अध्ययन भइसकेकाले यस्ता अवधारणाहरू न्यून प्राथमिकतामा रहनेछन् ।

४. संस्कृत वाङ्मयसँग जोड्ने नाममा कृत्रिम र अर्थहीन प्रकृतिका, शोधक्षेत्र र शोधसमस्या स्पष्ट नभएका साथै अतिव्याप्ति र अव्याप्ति दोषले युक्त शोधअवधारणा स्वीकार्य हुने छैनन् ।

## विद्यावारिधि कार्यक्रमका लागि निर्धारित प्रक्रिया

१. निर्धारित ढाँचामा लेखिएको अवधारणापत्र, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, व्यक्तिगत विवरण र तीनवटा शोधलेखसहित आवेदन प्राप्त भएपछि अनुसन्धान केन्द्रले अवधारणापत्रको निरीक्षण गरी रीत पुगेका र उचित ठहरिएका आवेदकलाई प्रवेश परीक्षामा संलग्न गराउने छ ।

२. प्रवेश परीक्षा ५० पूर्णाङ्कको हुनेछ । प्रवेश परीक्षामा उत्तीर्ण आवेदकलाई अन्तर्वार्तामा सामेल गराइने छ ।

३. प्रवेश परीक्षाको प्रवेशपत्र आवेदक स्वयंले अनुसन्धान केन्द्रमा आएर बुझेर लैजानु पर्नेछ ।

४. अन्तर्वार्ताको पूर्णाङ्क पनि ५० नै हुनेछ । प्रवेश परीक्षा र अन्तर्वार्ता दुवैमा उत्तीर्ण भएका आवेदकहरूमध्ये योग्यताक्रममा परेका आवेदकलाई मात्र भर्ना हुनका लागि अनुमति दिइने छ ।

५. भर्नाका लागि अनुमतिप्राप्त आवेदकलाई विद्यावारिधिको प्रक्रियालगायतका संस्थागत विषयमा जानकारी दिनका लागि एक दिवसीय अभिमुखीकरण गोष्ठी सञ्चालन गरिने छ । उक्त गोष्ठीको अन्त्यमा तोकिएको कक्षा सहभागिता शुल्क लिई अस्थायी पञ्जीकरण गरिनेछ ।

६. अस्थायी पञ्जीकरणपश्चात् प्रथम सत्रअन्तर्गत ९ क्रेडिट आवरको दर्शनशास्त्र, शोधविधि र प्राज्ञिक लेखनसम्बन्धी साथै ३ क्रेडिट आवरको विषयगत प्रायोगिक पाठ्यकार्य/कक्षा ( मेन्डेटोरी कोर्स वर्क) गरी जम्मा १२ क्रेडिट आवरको कक्षा सञ्चालन गरिने छ । उक्त पाठ्यकार्यका क्रममा तोकिएको ढाँचामा विस्तृत एवम् पूर्ण शोधप्रस्तावको लेखन र प्रस्तुतिसमेत हुनेछ । शोधप्रस्तावसँग कम्तीमा २५ पृष्ठको पूर्वकार्य समीक्षासमेत अनिवार्य प्रस्तुत गर्नु पर्नेछ ।

७. उक्त पाठ्यकार्य/कक्षाको अन्त्यमा प्रथम सत्रको लिखित परीक्षा लिनुका साथै शोधप्रस्ताव र पूर्वकार्य समीक्षाको समेत मूल्याङ्कन गराई परीक्षाफल प्रकाशित गरिनेछ । प्रथम सत्रमा लिखित परीक्षाका चार पत्रको पूर्णाङ्क प्रतिपत्र १०० गरी ४०० र शोधप्रस्ताव तथा पूर्वकार्य समीक्षाको पूर्णाङ्क १०० गरी जम्मा ५०० पूर्णाङ्क रहनेछ ।

८. लिखित परीक्षामा उत्तीर्ण भएका र शोधप्रस्ताव तथा पूर्वकार्यसमीक्षासमेत स्वीकृत भएका शोधार्थीसँग अनुसन्धान अगाडि बढाउने स्वीकृतिका रूपमा स्थायी करार गरिनेछ । शोधार्थीसँग स्थायी करारकै बेला शोधनिर्देशक नियुक्तिका लागि एकजना विद्वान्को नामावली र निजको स्वीकृतिसमेत माग गरी प्रक्रियागत रूपमा शोधनिर्देशक नियुक्त गरिनेछ । शोधनिर्देशक नियुक्तिका लागि निम्नलिखित कागजात पेस गर्नुपर्नेछः

- शोधनिर्देशक नियुक्तिका लागि शोधार्थीको निवेदन ।

- शोधनिर्देशकका लागि प्रस्तावित विद्वान्को व्यक्तिगत विवरण ।
- शोधनिर्देशक रहनका लागि निजको स्वीकृतिपत्र र उक्त स्वीकृतिपत्रमा आफू हाल विद्यावारिधिका पाँच जनाभन्दा बढी शोधार्थीको शोधनिर्देशक नरहेको स्वघोषणा ।

९. स्थायी करार सम्पन्न भएका र शोधनिर्देशक नियुक्तिसमेत भैसकेका शोधार्थीलाई परिचयपत्र प्रदान गरिनेछ । तत्पश्चात् दोस्रो सत्रअन्तर्गत १२ क्रेडिट आवरको पठनसामग्री/कक्षाकार्य प्रदान गरिनेछ । उक्त पठनसामग्री/कक्षाकार्य शोधार्थीले पूरा गरी ६ महिनाभित्र अनुसन्धान केन्द्रमा बुझाउनु पर्नेछ ।

१०. कक्षाकार्यपछि त्यसको मूल्याङ्कन गराई दोस्रो सत्रको परीक्षाफल प्रकाशित गरिनेछ ।

११. शोधनिर्देशक नियुक्ति र स्थायी करारपछिको कुनै पनि समयमा शोधार्थीले शोधनिर्देशकको सिफारिससहित दुई जना विद्वान्को नाम शोधविशेषज्ञका लागि प्रस्ताव गर्नुपर्नेछ । र, प्रक्रियागत रूपमा शोधविशेषज्ञ नियुक्त गरिनेछ । शोधविशेषज्ञ नियुक्तिका लागि निम्नलिखित कागजात पेस गर्नुपर्नेछः

- शोधार्थीको निवेदन र शोधनिर्देशकको सिफारिस ।
- शोधविशेषज्ञका लागि प्रस्तावित दुई जना विद्वान्को व्यक्तिगत विवरण ।
- शोधविशेषज्ञ रहनका लागि निजहरूको स्वीकृतिपत्र र उक्त स्वीकृतिपत्रमा आफू हाल विद्यावारिधिका सात जनाभन्दा बढी शोधार्थीको शोधविशेषज्ञ नरहेको स्वघोषणा ।

१२. दोस्रो सेमेस्टर उत्तीर्ण शोधार्थीलाई तेस्रो सत्रमा शोधप्रबन्ध लेखनसम्बन्धी प्रायोगिक अभ्यास गराइने छ । यस क्रममा सामग्री सङ्कलनका साथै शोधप्रबन्धका विभिन्न अध्याय/परिच्छेद/ भागको प्रायोगिक लेखनको पूर्वाभ्यास गराइने छ ।

१३. चौथो, पाँचौं र छैंटौं सत्रमा शोधप्रबन्ध लेखन र यसको सम्पादन तथा परिष्कार परिमार्जनसम्बन्धी अभ्यास गराइनेछ । सो क्रममा सम्बन्धित गुरुकुल र अनुसन्धान केन्द्रबिच सहकार्यमार्फत शोधार्थीलाई सहयोग पुर्‍याइने छ ।

१४. विद्यावारिधिको न्यूनतम समयसीमा ३ वर्ष रहनेछ । शोधार्थीले अस्थायी पञ्जीकरण भएको मितिले तीन वर्ष पूरा भएपछि आफ्नो शोधप्रबन्ध बुझाउन सक्नेछन् । तर स्थायी करार भएको मितिले ३ वर्ष नकट्दासम्म समयावधि थपका लागि निवेदन दिनुपर्ने छैन ।

१५. स्थायी करार भएका मितिले तीन वर्षमा शोधप्रबन्ध बुझाउन नसक्ने शोधार्थीले समयावधि थपका लागि समयावधि थप शुल्क रु. ५०००/- (प्रतिवर्ष) सहित निवेदन दिन सक्नेछन् । तर यस्तो समयावधि दुई वर्षभन्दा बढी थप हुने छैन । स्थायी करार भएको मितिले अधिकतम ५ वर्षमा शोधप्रबन्ध बुझाउन नसक्ने शोधार्थीको दर्ता स्वतः खारेज हुनेछ ।

१६. विद्यावारिधिसम्बन्धी अन्य सर्त बन्देजहरू स्थायी करारमा तोकिएबमोजिम हुनेछन् ।

## निर्देशक र विशेषज्ञसम्बन्धी व्यवस्था

१. विद्यावारिधिको निर्देशक र विशेषज्ञ बन्नका लागि विश्वविद्यालय अनुदान आयोगको 'विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्डसम्बन्धी निर्देशिका- २०८०' को परिच्छेद-३ को दफा ५ को उपदफा १ र २ मा उल्लेख भएबमोजिमका न्यूनतम योग्यता तथा सर्तहरू अनिवार्य हुनेछन् ।

## भर्नाका लागि निर्धारित शोधार्थी सङ्ख्या

नेसंवि अनुसन्धान केन्द्रको क्षमता र विश्वविद्यालयमा विषयगत विज्ञहरूको उपलब्धताका आधारमा विद्यावारिधिका लागि तपसिलबमोजिमको शोधार्थी कोटा निर्धारण गरिएको छः

| क्र.सं. | विषय/विधा | निर्धारित शोधार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | संस्कृतका १७ वटा शास्त्रीय र ५ वटा उपविधा गरी जम्मा २२ वटा विषयमा | ४४ जना | |
| २. | आधुनिकतर्फ ८ वटा विषयमा | ४२ जना | |
| | जम्मा | ८६ जना | |

## प्रवेश परीक्षाको पाठ्यक्रम र प्रक्रिया

-लिखित परीक्षा तीनवटा विषय/क्षेत्रहरूमा केन्द्रित हुनेछ : विषयगत ज्ञान, शोधविधि र प्राज्ञिक लेखन । उक्त परीक्षामा ५० पूर्णाङ्कका प्रश्नहरू सोधिनेछन् । त्यसमध्ये २५ अङ्क सम्बद्ध विषयसँग सम्बन्धित, ५ अङ्क संस्कृत वाङ्मयसँग सम्बन्धित र २० अङ्क शोधविधि एवम् प्राज्ञिक लेखनसँग सम्बन्धित हुनेछन् । प्रवेश परीक्षा २ घण्टाको हुनेछ । नमुना प्रश्नपत्र विश्वविद्यालयको वेबसाइटमा राखिनेछ । लिखित परीक्षामा उत्तीर्ण भएका आवेदकलाई मात्र अन्तर्वार्तामा सामेल गराइने छ । लिखित र अन्तर्वार्ताको प्राप्ताङ्क जोडेर उत्तीर्ण उम्मेदवारहरूको योग्यताक्रम प्रकाशित गरिने छ । अन्तर्वार्तासम्बन्धी सूचना लिखित परीक्षापछि जानकारी गराइने छ ।

## थप

यससम्बन्धी अन्य व्यवस्था अनुसन्धान परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ । विस्तृत जानकारीका लागि अनुसन्धान केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आवेदनप्रपत्र

# नेपाल संस्कृत विश्वविद्यालयः

## NEPAL SANSKRIT UNIVERSITY

## अनुसन्धानकेन्द्रम्

बेलझुण्डी, दाङ

दूरभाषः ०८२-४०००९१

इमेल : researchcenter@nsu.edu.np

Photo

## विद्यावारिधि- (Ph.D.) अस्थायिपञ्जीकरणनिमित्तकमावेदनपत्रम्

**Application Form for the temporary Ph.D. Registration**

१. आचार्य(स्नातकोत्तर)परीक्षोत्तीर्णविषयः ..............................................................

**Subject............................**

२. प्रस्तावितं शोधशीर्षकम् ....................................................................................

**Proposed Research Topic........................**

३. आवेदकस्य पूर्णनाम ............................................................................................

**Applicant's Full Name**

४. जन्मतिथिः ...........................................................................................

**Date of Birth**

(क) विक्रमाब्दः **(V.S.)** (ख) ख्रिष्टाब्दः **(A.D.)**

५. नागरिकता ............................................................................................

**Citizenship**

६. आवास-सङ्केतः .....................................................

**Address**

(क) स्थायी **(permanent) :** (ख) दूरभाषः (मोबाइल नं.) :

(ग) अस्थायी (घ) इमेल :

**Temporary**

७. शैक्षिकयोग्यताविवरणम् ...............................................................................

**Academic Qulifications**

| प्राप्तोपाधिः<br>Degree Earned | विश्वविद्यालयः/परीक्षा-सञ्चालकसंस्थाः<br>University/Examination Board | वर्षः<br>Year | अधीतविषयाः<br>Subject Studied | पूर्णाङ्काः<br>Full Marks | प्राप्ताङ्काः<br>Marks Obtained | प्रतिशतमङ्काः<br>Percentage | विशेषाः<br>Remarks |
|---|---|---|---|---|---|---|---|
| पूर्वमध्यमा/एसएलसी/तत्समकक्षः<br>**Purvamadhyama or Equivalent** | | | | | | | |
| उत्तरमध्यमा/आइए/तत्समकक्षः<br>**Uttarmadhyama or Equivalent** | | | | | | | |
| शास्त्री/बिए/तत्समकक्षः<br>**Shastri or Equivalent** | | | | | | | |
| आचार्य/एमए/तत्समकक्षः<br>**Aachrya or Equivalent** | | | | | | | |
| दर्शनाचार्य/एमफिल/तत्समकक्षः<br>**Darshanacharya or Equivalent** | | | | | | | |

८. कार्याणांमनुभवः विशिष्टीकरणञ्च ..........................................................................

**Work Experiences and Specialization**

९. अनुसन्धानम् प्रकाशनञ्च ...............................................................................

**Research and Publication**

(अत्यावश्यके पत्रान्तराणि प्रयोक्तव्यानि)

**(If necessary, Please use a separate sheet of Paper)**

१०. ज्ञाता भाषाः (Languages Known) :.............................................................

(क) (ख) (ग) (घ)

११. प्रस्तुताः शोधलेखाः (Research Article written and Submitted by the applicant) :

१. (क) शीर्षकम् (Title) :

(ख) विषयः (Subject) :

२. (क) शीर्षकम् (Title) :

(ख) विषयः (Subject) :

३. (क) शीर्षकम् (Title) :

(ख) विषयः (Subject) :

आवेदकस्य हस्ताक्षराणि

Applicant's Signature

आवेदकस्य पूर्णनामः

Applicant's Full Name

दिनाङ्काः

Date

---

(कार्यालयप्रयोगार्थमेव)

**(For Office Use Only)**

आवेदकेन प्रस्तुतानि आवश्यकविवरणानि परीक्षितानि । एतानि अस्थायिविद्यावारिधिशोधकार्यपञ्जीकरणयोग्यतां पूरयन्ति ।

**The necessary documents submitted by the applicant have been checked. They fulfill the requirements for the temporary ph.D. registration.**

(कार्यकारिनिर्देशकः)

**Executive Director**

# शोध अवधारणापत्रको ढाँचा

शोध अवधारणापत्र भविष्यमा कार्यान्वयन गरिने शोधकार्यको प्रारम्भिक झलक हो । एउटा सुसङ्गठित, स्पष्ट र यथार्थपरक शोध अवधारणापत्रबाट समग्र अनुसन्धानलाई सही दिशा प्राप्त हुन्छ । अवधारणापत्र निम्नलिखित ढाँचामा लेखिएको हुनुपर्नेछः

(क) आफूले शोध गर्न चाहेको विषयसँग सम्बन्धित प्रस्तावित शीर्षक ।

(Proposed Title) :

(ख) उक्त शीर्षक पौरस्त्य वाङ्मयसँग सम्बद्ध रहेको स्पष्टोक्ति र शीर्षकको प्राज्ञिक गुरुत्व/मूल्य ।

(Clear statement of the relation of the said title to Sanskrit texts and the academic weight/value of the title).

(ग) प्रस्तावित शोध/प्राज्ञिक कार्यको मूल जिज्ञासा/प्राज्ञिक समस्या ।

(The main inquiry/academic problem of the proposed research/scholarly work).

(घ) उक्त जिज्ञासासँग सम्बन्धित प्रतिनिधिमूलक पूर्वकार्य ।

(Representative previous Academic works related to the said inquiry).

(ङ) उक्त पूर्वकार्यबाट निःसृत प्रारम्भिक शोधान्तराल ।

(Preliminary research gaps derived from the literature review).

(च) प्रस्तावित अध्ययनको औचित्य र महत्त्व ।

(Justification and significance of the proposed study).

(छ) प्रस्तावित अध्ययनका क्रममा सम्पादन गरिने मुख्य क्रियाकलाप र अध्ययनको प्राक्कल्पित ढाँचा ।

(Key activities to be carried out during the proposed study and the tentative framework of the study).

(ज) मुलुकको प्राज्ञिक आवश्यकता र प्राथमिकतासँग प्रस्तावित शोधको सम्बन्ध/सामञ्जस्य साथै मुलुकको प्राज्ञिक आवश्यकता परिपूर्तिमा प्रस्तावित शोधकार्यबाट पुग्ने योगदान ।

(The relationship/alignment of the proposed research with the national academic needs and priorities, as well as the contribution of the proposed research work in fulfilling the national academic requirements).

(झ) परिशिष्ट (यदि छ भने) **(Appendix,** ***if any)*** ।

(ञ) सन्दर्भ सामग्रीको सूची **(References/Works cited)**

**निवेदकको नाम :**

**हस्ताक्षर :**

**मिति :**